# स्थानीय राजपत्र

## भीमदत्त नगरपालिकाबाट प्रकाशित

संख्या : १८,   महिना पौष गते २० वार २, २०७७ साल

प्रमाणिकरण मिति — २०७७।१०।११ शुक्रवार

भीमदत्तनगर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

भाग २

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति,२०७७

## मन्तव्य

भीमदत्त नगरपालिकाको “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७” प्रकाशित हुन लागेकोमा मलाई धेरै खुसी लागेको छ ।

यस नगरपालिपालिकाद्धारा सञ्चालन गरिने बिभिन्न विकास निमार्णका कार्यहरुमा “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पुर्ण प्रत्याभुति गर्नको लागि यो नीतिको अति महत्व रहेको छ । यस नगरपालिका द्वारा सम्पादन गरिने सम्पुर्ण कार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई यस नीति मार्फत संस्थागत तथा व्यवस्थित रुपमा लागू गर्ने कार्यमा सफलता मिल्नेमा विश्वास लिएको छु ।

यस नीति तयारी एवम् प्रकाशन कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा संलग्न कार्यपालिका सदस्यहरु, राष्ट्र सेवक कर्मचारीहरु, परामर्शदाता समूह र USAID साझेदारी संघीयता सहयोग कार्यक्रमलाई धन्यवाद दिन चाहन्छु । साथै यस नगरपालिका भित्र रहेका बिभिन्न शाखा उपशाखाहरुमा यस नीति मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रकृयालाई कोषे ढुङ्गाका रुपमा सावित गर्ने र अन्य निकायहरुले पनि यस कार्यको अनुकरण गरी लाभान्वित हुनेमा विश्वास लिएकोछु ।

मिति : ..........................

**सुरेन्द्र बहादुर बिष्ट**
**नगर प्रमुख**

## शुभकामना

यस नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित क्रियाकलापहरुलाई एकीकृत रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न यो “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७” प्रकाशित हुन लागेकोमा मलाई धेरै खुसी लागेको छ ।

मुख्य गरि यस नगरपालिका क्षेत्र भित्र रहेको लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरणको विषयलाई सम्बोधन गर्न यस लैससास नीतिले सहयोग गर्ने छ ।

नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धी एवं प्रतिबद्धताहरुका साथै नेपालको संविधान, २०७२ को मूल भावनालाई आत्मसात् गर्दै यस नगरपालिका अन्तर्गतका शाखा उपशाखाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई अवलम्वन गराउनु पनि यस मार्गदर्शनको प्रमुख उद्देश्य रहेको छ ।

अन्त्यमा, यस नगरपालिकाभित्र यस नीतिको सफल कार्यान्वयनमा मेरो नेतृत्वदायी भुमिका रहनेछ भन्ने प्रतिबद्धताका साथ यो मार्गदर्शन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरु, विज्ञ समूह, USAID साझेदारी संघीयता सहयोग कार्यक्रम र कार्यपालिकाका सदस्यहरुलाई बधाई तथा धन्यवाद दिन चाहन्छु ।

**सुशिला चन्द सिंह**
**नगर उप प्रमुख**

## दुई शब्द

भीमदत्त नगरपालिकाद्वारा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुका साथै नगरपालिकाको संस्थागत विकासमा मद्धत गर्ने र नगरपालिकाका बिभिन्न संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्थाहरुलाई कार्यान्वयन गराउने सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरिएको छ ।
एशियाली विकास बैंकको आर्थिक सहयोगमा क्षेत्रीय शहरी विकास आयोजना अर्न्तगत संञ्चालित RUDP/IDC अर्न्तगतका संञ्चालन हुने बिभिन्न कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुख्य अवधारणाको रुपमा रहेको छ। यसको साथै संस्थागत विकास परामर्शदाता टिमको कार्य बिवरण अनुसार समग्र नगरपालिकाको संस्थागत बिकासमा सहयोग गर्ने र निति निमार्ण गर्ने कार्यमा समेत मद्धत गर्ने कार्य रहेकोले यस नितिले नगरपालिकाद्धारा सम्पादन गरिने लैससास सम्बन्धी सम्पुर्ण कार्यक्रमहरुमा मद्धत पुर्याउनेछ । यस कार्यमा आवश्यक सल्लाह सुझाव दिने बिषयगत शाखाका शाखा प्रमुख तथा नगरकार्यपालिका टिमलाई धन्यवाद दिन चाहन्छु ।

नीति तयारीको कार्यमा प्राबिधिक सहयोग गर्ने IDC Team का परामर्शदाता र यू एस ए आइ डी साझेदारी संघीयता सहयोगको टिमलाई समेत धन्यवाद दिन चाहन्छु ।

...............................
**पुस्कर प्रसाद भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**
**भीमदत्त नगरपालिका**

# बिषय सुची


१. परिचय
२. नगरपालिकामा लैससासको अवस्था
३. लैससासको नीतिको आवश्यकता
४. सोच, लक्ष्य र उद्देश्यहरु
५. प्रमुख नीतिहरु
६. नीति र रणनीतिहरु
७. लैससास नीतिको कार्यान्वयन र अनुगमन तथा मुल्यांकन
७.१ लैससास नीतिको कार्यान्वयन
७.२ लैससास नीतिको अनुगमन तथा मुल्यांकन
८. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु
९. नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन
१०. लैससास अभियानका लागि सरोकारवालाहरु
११. नीतिको प्रचार प्रसार
१२. नीतिको पुनरावलोकन
१३. मुल्य मान्यताहरु

## १. परिचय

नेपाल सरकारले मानव अधिकारसँग सम्वन्धित प्रमुख नौ वटा महासन्धी मध्ये सात वटामा आफ्नो प्रतिवद्धता जनाएको छ। जसमा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धी १९७९, सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धी १९६५, यातना तथा अन्य क्रुर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी १९८९, बालअधिकार महासन्धी १९८९, अपाङ्गता सन्वन्धि अन्तर्राष्ट्रिय महासन्धी रहेका छन् । नेपालले अन्तर्राष्ट्रिय महिला सम्मेलनमा सहभागिता जनाएको छ र त्यसको कार्यनीतिको कार्यान्वयनमा जोड दिदै आएको छ । लैंगिक हिंसा, यु एन रिजोलुसन १३२५, १८२०, बेइजिङ्ग सम्मेलनका सिफारिसहरुको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनाको समेत निर्माण गरी अन्तर्राष्ट्रिय व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पहलहरु गरिएको छ । अन्तर्राष्ट्रिय दस्तावेजहरुमा भएका व्यवस्थाहरुको कार्यान्वयनका लागि राष्ट्रिय तहमा संविधान र कानुनहरुमा समेत आवश्यक व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को प्रस्तावना सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिवद्धता गरिएको छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई संविधानको प्रस्तावनामै आत्मसात गरिएको छ। वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने प्रतिवद्धता सहित आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प संविधानको प्रस्तावनामा गरिएको छ ।

नेपालको संविधान २०७२ मा मौलिक हक (भाग ३) मा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, शोषण विरुद्धको हक, महिलाको हक, वालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक र भाषा तथा संस्कृतिको हक लगायतका हकहरुको सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (भाग ४) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति र सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति लगायतका नीतिहरुको व्यवस्था अवलम्वन गरिएको छ । नेपालको संविधान (२०७२) मा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगलाई संवैधानिक आयोगहरुको व्यवस्था गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्धनका लागि आवश्यक संवैधानिक संरचनाको व्यवस्था गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति (१९९१), मानव बेचबिखन विरुद्ध राष्ट्रिय कार्ययोजना (खासगरी महिला र बालबालिकाको बेचबिखन) २०१२, अशक्तता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २००६, गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय सम्बन्धी राष्ट्रिय रूपरेखा २०६७ (२०१०), राष्ट्रिय युवा नीति, २०७२, युथभिजन २०२५, स्थानीय निकाय स्रोत परिचालन निर्देशिका २०६९, श्रमजीवी महिलाहरुप्रति डान्स, रेष्टुरेन्ट जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्ने निर्देशिका २०६५, लैङ्गिक समानता तथा महिलाको सशक्तीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना २०६९/२०७०-२०७३/२०७४, महिलाविरुद्धका सबै प्रकारका विभेद उन्मुलन सम्बन्धी महासन्धि सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६०, लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०११/१२-२०१६/१७) लगायतका व्यवस्थाहरुले पनि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रवर्धनका लागि राज्यका तर्फबाट भएका थप प्रतिवद्धताहरुलाई जनाउँदछ। वर्तमान १५ औं योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधारका रुपमा प्रस्तुत गरेको छ। योजनाको आधारपत्रमा समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरा उल्लेख गरिएको छ।

भीमदत्त नगरपालिकाले रोजगारमुखी समावेशी विकास, पिछडिएको जाती समुदाय तथा भौगोलिक क्षेत्रको विकासलाई नीति तथा कार्यक्रम मार्फत् विशेष प्राथमिकता दिँदै आएको छ । महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न तथा असहाय वर्गको हितलाई नीति तथा कार्यक्रम अन्तर्गत समावेश गरेको देखिन्छ। नगरपालिकाले सुरक्षित मातृत्व, आधारभूत स्वास्थ्य सेवामा पहुँच, पोषणको अवस्थामा सुधार, सफा टोल, गुणस्तरीय आधारभूत शिक्षा तथा स्वास्थ्य सेवा, दण्ड र हित शिक्षा, र लक्षित वर्गको हितलाई समृद्ध भीमदत्तका आधारका रुपमा लिएको छ । साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक

सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने दिशामा स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारीका रुपमा लिई ऐतिहासिक सम्पदाको चौतर्फी विकास र प्रचार प्रसार मार्फत् स्थानीय संस्कृतिलाई जीवन्त राख्दै पर्यटनको विकासमा टेवा पुऱ्याउन पहल गरिएको छ । भीमदत्त नगरपालिकाको समृद्धिका लागि शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चुनौती पहिचान गरिएको छ ।

भीमदत्त नगरपालिकाको सन्दर्भमा सामाजिक दृष्टिले पिछडिएका भन्नाले महिला,आदिबासी, जनजाती, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, किसान, श्रमिक, युवा, वालवालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपागंता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, असक्त तथा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायतलाई भन्ने बुझिन्छ । संकटासन्न समुह भन्नाले महिला घरमुली भएका घरधुरी, शारीरिक रुपमा फरक क्षमता भएका सदस्य रहेको घरधुरी, शारीरिक रुपमा तन्दुरुस्त सदस्य नभई बृद्धबृद्धा मात्र भएका घरधुरी, प्राकृतिक प्रकोप वा विपत्तीबाट अतिप्रभावित घरधुरीहरु भन्ने बुझिन्छ ।

प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक ,सन्तुलित र न्याय संगत प्रगति हुन सके मात्रै नगरपालिकामा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ । हाम्रो समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नगरपालिकाद्धारा सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु हुँदै आइरहेका छन् ।

भीमदत्त नगरपालिकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक नगरपालिकाको निर्माण गर्ने सङ्कल्प गर्दै, नगरपालिकाद्धारा सम्पादन गरिने सम्पूर्ण क्रियाकलापहरुलाई लैंगिक मैत्री र समाबेशीकरणको अवधारणा अनुरुप सम्पादन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को अधिकार प्रयोग गरी भीमदत्त नगरपालिका कार्यपालिका बैठकबाट यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ लाई पारित गरेको छ ।

## २. नगरपालिकामा लैससासको अवस्था

लैससास सम्वन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस नगरपाालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । नगरपालिकामा अपाङ्गता परिचयपत्र वितरण सम्वन्धी कार्यविधी, जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधी, बालअधिकार संरक्षण कार्यविधी, लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधी व्यवस्था छ । नगरपालिका स्तरमा बाल संजाल, महिला सञ्जाल तथा समुह, जेष्ठ नागरिक समिती, समावेशी कृषक संजालहरु रहेका छन् । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरिएको छ । लैससाससँग सम्वन्धित सवालहरुलाई हेर्ने गरी नगरपालिकामा महिला तथा बालवालिका शाखा रहेको छ । हिंसाजन्य घटना पिडितको लागि नगरपालिकाद्धारा पालिका स्तरमा सुरक्षित आवास (सेफ हाउस) सहयोगको व्यवस्था भइरहेको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तीकरण कार्यक्रमहरु संचालन गरिएका छन् । वेचविखनको जोखिममा रहेका महिला तथा बालबालिकाहरुको सुरक्षाका लागि कार्यक्रमहरु संचालन गरिएका छन् । यसका साथै लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखाको स्थापना भई कार्यान्वयनमा रहेको छ ।

## ३. लैससासको नीतिको आवश्यकता

लैससासको क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिक तथा आदिवासी, जनजाति र विपन्नवर्ग लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन । सबै लक्षित वर्गहरुलाई संगठित गर्न सकिएको अवस्था छैन । लक्षित वर्गमा अधिकार र विद्यमान कानुनी व्यवस्थाहरुको सम्बन्धमा जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता हुन सकेको छैन् । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन । दलितहरु माथि हुने जातीय छुवाछुत लगायतका भेदभाव कायमै रहेको छ । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । नगरपालिका तहमा लैससासलाई नीतिगत रुपमा सम्वोधन गर्दै संरचना, कार्यक्रम र अभ्यासमा लैससास मैत्री अभ्यासलाई अवलम्वन गर्नका लागि लैससास नीतिको आवश्यकता रहेको छ । यसको साथै नगरपालिकाद्धारा सञ्चालन गरिने कार्यक्रम र योजनाहरुमा हुने श्रोत, साधन र यसबाट प्राप्त हुने लाभको महिला, विपन्न, बञ्चित समुहको पहुँचमा अभिबृद्धि गर्नको

लागि र योजना कार्यक्रम एवं बजेट लैंगिक उत्तरदायी बनाउनको लागि यो नीति आवश्यक रहेको छ ।

**४. सोच, लक्ष्य र उद्देश्यहरु**

**४.१ सोचः** भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**४.२ लक्ष्य :** लैङ्गिक, जातीय, वर्गीय सशक्तीकरण र मुलप्रवाहीकरण गर्दै सबै खालका विभेद र हिंसा अन्त्य गर्ने ।

**४.३ उद्देश्यहरु :**

(क) सामाजिक वा आर्थिक रुपमा वञ्चितीकरणमा रहेका समुहहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तीकरण र आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने ।

(ख) लैङ्गिकता, जातजाति आदिका आधारमा हुने हिंसा, भेदभाव र वहिस्करणको अन्त्य गर्ने ।

(ग) राजनैतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिला र सामाजिक तथा आर्थिक रुपमा वञ्चितीमा रहेका समुदायहरुको अर्थपूर्ण समानुपातिक सहभागिता र समान पहुँचका अवसरहरुको सुनिश्चित गर्ने ।

(घ) विशेष प्राथमिकतामा रहेका लक्षित समुहहरुको क्षमता विकास तथा स्वरोजगारीका अवसरहरुको वृद्धि गर्ने ।

(ङ) नगरपालिकामा लैससास सम्वन्धी नीतिगत व्यवस्था, संरचना र कार्यक्रमहरुको प्रवर्द्धन गर्ने ।

(च) नगरपालिका, वडा कार्यालय र यसका शाखाहरुमा लैससास संवेदनशिल अभ्यासहरुको विकास गर्ने,

(छ) नगरपालिका र यस मातहतका योजना निर्माण प्रकृया, कार्यान्वयन, अनुगमन र मुल्यांकन प्रकृयामा लैससास मैत्री कार्य प्रणालीको विकासगर्ने ।

(ज) नगरपालिका भित्रका महिला, पुरुष, जातीय अन्य संरक्षक समुह, अपागंता भएका, एचआइभी संक्रमित व्यक्ति तथा अन्य बञ्चित समुहको खण्डीकृत तथ्याकं संकलन गर्ने व्यवस्था मिलाउने ।

**५. प्रमुख नीतिहरु**

५.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई नीति, कानून तथा मापदण्डहरु, योजना तथा बजेट तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्ने,

५.२ नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता र नेतृत्वदायी भुमिकाको सुनिश्चितता गर्ने,

५.३ लैससास मुलप्रवाहीकरण गर्न पालिका देखि टोल वस्ती सम्म संस्थागत संरचनाहरु विकास साथै क्षमता अभिवृद्धि गरी विस्तार गर्ने,

५.४.लक्षित वर्गहरुको सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने,

**६. नीति र रणनीतिहरु**

यी माथिका उदेश्यहरु प्राप्तीका लागि नीति अनुसारका रणनीति तथा कार्यनीतिहरु यस प्रकार हुनेछन ।

| ५.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई नीति, कानून तथा मापदण्डहरु, योजना तथा बजेट तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्ने, | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • नीति, नियम, कार्यविधि आदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई समावेश र सम्बोधन गर्ने,<br>• नगरपालिकाको योजना तथा वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई अवलम्वन गर्ने,<br>• कार्यक्रमको कार्यन्वयनमा प्रभावकारीता ल्याउन र गुणस्तरीय उपलब्धि हासिल मापनयुक्त सूचक तयार गरी निरन्तर अनुगमन र निरिक्षणको व्यवस्था गर्ने, | • नगरपालिकाको आबश्यक नीति, नियम र कार्यविधि, आदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई केन्द्रित गरी समावेश गरिने छ ,<br>• नगरपालिकाको आवाधिक योजना, मद्यकालीन खर्च संरचना र नीति, नियम, नगरपालिकाको प्रोफाइल,आदि बनाउँदा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका समस्याहरुलाई संवोधन हुने गरी समावेश तथा मूलप्रभावहिकरण गरिनेछ,<br>• तथ्याङ्क व्यवस्थापन प्रणालीमा सबै लिङ्ग तथा सामाजिक समूहहरुको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गरिनेछ,<br>• नगरपालिकाको योजना तथा वजेट निर्माण प्रकृयालाई टोल बस्तीस्तरबाटै सबै समुदायको समानुपातिक प्रतिनीधिहरुको सहभागितामा सहभागितात्मक प्रणालीद्धारा लैससास उत्तरदायी बनाइने छ,<br>• कार्यक्रमको कार्यन्वयनमा प्रभावकारीता ल्याउन र गुणस्तरीय उपलब्धि मापन गर्न सूचक तयार गरी निरन्तर अनुगमन र निरिक्षणको व्यवस्था गरीने छ, |

| ५.२ नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिता र नेतृत्वदायी भुमिकाको सुनिश्चित गर्ने, | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • महिला तथा लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,<br>• नगरपालिका स्तरमा गठन गरिने सबै संरचना, समिति र समुहमा महिला र लक्षित वर्गका प्रतिनीधिको नेतृत्वदायी भुमिका वा पहुँचमा सुनिश्चितता गर्ने, | • नगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा सहभागितात्मक सहभागिताको लागि महिला तथा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गराउने छ,<br>• नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन, निरिक्षण र मूल्याकन को प्रक्रियामा सहभागितात्मक सहभागिताको लागि महिला तथा लक्षित समुदायको सञ्जाल गठन गरी, क्षमता अभिवृद्धि गरि कृयाशिल गराउने छ,<br>• विकास प्रक्रियामा कोही नछुटुन् (Leave no one behind) भन्ने मान्यता अनुसार कार्यान्वयन गर्ने र गराइने छ,<br>• लैङ्गिक तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशिलताको आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याईने छ,<br>• नगरपालिकास्तरमा गठन गरिने सबै संरचना, समिति र समुहमा महिला र लक्षित वर्गका नेतृत्वदायी भुमिका वा पहुँचमा बृद्धि गर्न नियमावली बनाई प्रयोगमा ल्याइनेछ, |

| ५.३ लैससास मुलप्रवाहीकरण गर्न पालिका देखि टोल वस्ती सम्म संस्थागत संरचनाहरुको विकासका साथै क्षमता अभिवृद्धि गरी विस्तार गर्ने, | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • नगरपलिका स्तरमा लैससास समन्वय समिती, वडा तहमा उपसमितीहरुको संरचनाहरु विकास र विस्तार गर्न,<br>• लैससास समन्वय समिती र उपसमितीहरुलाई कार्यभार प्रभावकारिता पूर्वक बहन गर्न क्षमता विकासको व्यवस्था गर्ने, | • नगरपलिका स्तरमा लैससास समन्वय समिती, वडा तहमा उपसमितीहरुको संरचनाहरुको गठन, कार्यभार र जिम्मेवारी निर्कौल गर्नेछ<br>• सो समितिका सदस्यहरुको आवश्यकता अनुसार लैससास मूलप्रभावाहीकरण गर्न क्षमता अभिवृद्धि योजना तयार पारी कार्यान्वयन गरिनेछ,<br>• नगरपलिका स्तरमा लैससास मूलप्रवाहीकरण गर्न स्थानीय श्रोत व्यक्तिहरुको व्यवस्था तथा लैससास सम्बन्धि क्षमता अभिवृद्धि गरी परिचाल गरिनेछ,<br>• नगरपालिका स्तरमा बहिस्करणमा परेका नागरिकहरुको पहिचान लैससासको मान्यता बमोजिम सशक्तीकरण गर्न गैर सरकारी संस्था, सहकारी, निजि क्षेत्रहरुसंग समन्वय गरिनेछ,<br>• निर्णायक तहका महिला र लक्षित वर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता गराउन क्षमता अभिवृद्धि गराइनेछ, |

| ५.४लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने, | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| • लैससास केन्द्रित स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,<br>• योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई लक्षित समुदायको सहभागिता साथै समानुपातिक लाभ पाउने कुराको सुनिश्चिता गर्ने ।<br>• लैससासको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरु संग समन्वय र सहकार्य गर्ने । | • नगरपालिकाको स्रोतसाधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्दामहिला र लक्षित वर्गको समस्याहरुमा केन्द्रित भई लैससास उत्तरदायि बनाइनेछ,<br>• नगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा महिला र लक्षितवर्गको समस्याहरु सम्वोधन हुने, सो वर्गको पहुँच र नियन्त्रणमा बृद्धि हुने व्यवस्था सहित कार्यान्वय र मूल्याकन को कार्यनीति बनाइनेछ,<br>• नगरपालिकाबाट संचालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकीकरणमा रहेका क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचकांकहरु को सुची तयार गरिने छ,<br>• सरोकारवाला र, अधिकारवादी संघसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,<br>• सो संस्थाहरुलाई लक्षित वर्गसम्म कार्यक्रमको श्रोत साधनमा पहुँच र नियन्त्रण बृद्धि गर्न समन्वय र सहकार्य गरिने छ,<br>• सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्य लागि प्रभावकारिता ल्याइनेछ, |

## ७. लैससास नीतिको कार्यान्वयन र अनुगमन तथा मुल्यांकन

नगरपालिकाको सामाजिक विकास शाखा /लैससास उपशाखाको संयोजनमा लैससास समन्वय समिती गठन गरी सो समितीको कार्य क्षेत्र, जिम्मेवारी र अधिकारको निर्णय गरी सो अनुसार कार्य गर्न कार्य योजना वजेट सहितको बनाई कार्य गरिने छ । लैससास समन्वय समिती गठन गरी सो समितीको कार्य क्षेत्र, जिम्मेवारी र अधिकार अनुसूची १ मा उल्लेख गरेको छ । सो समितीले कार्यालयबाट सम्पादन गरिने सम्पूर्ण लैससास सम्बन्धी मुद्दाहरुको सम्बोधन योजना तथा वजेट तर्जुमा गर्ने, कार्यान्वयनमा सुनिश्चितता गर्ने, फाईदाको बाडफाडमा समानुपातिक वितरण गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्नेछ । आफ्ना कार्यक्रमहरु र आयोजनाहरुको अनुगमन गर्न र मार्गदर्शन अनुसार नगरपालिकालाई प्रतिवेदन पठाउन समिति उत्तरदायी रहनेछ । लैससास सम्बन्धी सम्पूर्ण क्रियाकलापहरुलाई प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ र यसकालागि लैससासका सूचकहरु तयार गर्नुपर्छ । आयोजना डिजाइन र अनुगमनको रुपरेखामा उल्लेखित सूचकहरुसँग दाँज्दै देखिएका नतिजा, प्रतिफल र असरहरु सम्बन्धी उपलब्धिका आधारमा आयोजनाको मापन गरिनुपर्छ ।

नगरपालिकाद्वारा योजनाहरुको लैससास सम्बन्धी प्रगति प्रतिवेदनहरु तयार पार्न तथा सम्बन्धित आधिकारिक शाखा उपशाखा, निकायहरुलाई समयमै वितरण गर्न एउटा व्यवस्थित प्रतिवेदन प्रणालीको स्थापना गर्नुपर्छ । सामान्यत लैससास सम्बन्धी प्रगतिहरुको नियमित प्रतिवेदन त्रैमासीक रुपमा तयार गर्नुका साथै खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिवेदन वार्षिक रुपमा तयार गरी पेश गर्नुपर्नेछ ।

यी सबै कार्यक्रमहरुको प्रभावकारिता कार्यान्वयन गर्न र गुणस्तर सुनिश्चित गर्न, सो समितीबाट अरु संघ संस्थाहरुसंग समन्वय र सहकार्य गर्ने, सेवा प्रदायक र सेवाग्राहिहरुको क्षमता अभिवृद्धि गर्ने कार्यहरु प्राथमिकताका साथ गर्नेछ ।

**अनुगमन तथा मूल्याङ्कन कार्यलाई लैससासमूखी बनाउनको लागि निम्न लिखित पक्षहरु समेटिनु पर्नेछ :**

क) उद्देश्य तथा सूचकहरु लैससासका आधारमा खण्डीकृत हुनुपर्नेः आयोजना तयारी तथा सूचना सङ्कलनका निम्ति खण्डीकृत प्रारम्भिक तथ्याङ्क उपलब्ध हुनुपर्छ । नगरपालिका अन्तरगत संचालन गर्ने सम्पूर्ण कार्यक्रमहरु र आयोजनाहरुको योजना तर्जुमा गर्दा लैससासका समस्याहरु समेटनुको साथै सो वर्गमा लाभको सुनिश्चितताको मापन महत्वपूर्ण भएकोले खण्डीकृत तथ्याङ्क सङ्कलन एवं परिमार्जन गर्नुपर्नेछ । जसको आधारमा प्रगतिको अनुगमन गर्न सकिनेछ । खण्डीकृत प्रारम्भिक तथ्याङ्क सङ्कलन एवं प्रयोगको लागि स्पष्ट ढाँचाहरु बनाइनु पर्छ ।

ख) अनुगमन तथा प्रतिवेदन लेखनको ढाँचालाई खण्डीकृँत गरिनु पर्नेः अनुगमनका ढाँचाहरुलाई खण्डीकरण गरी प्रमाणको रुपमा उपयोग गर्न मिल्ने किसिमले संशोधन गरिनुपर्छ । लैससाससँग सम्बन्धित सूचना र तथ्याङ्क सङ्कलन एवं एकीकृत गरी राष्ट्रिय योजना आयोगको अनुगमन प्रणाली अनुरुप यसको प्रतिवेदन लेखनलाई सहज बनाउनुपर्छ । सम्बन्धित लैससास शाखा/इकाईले लैससास समन्वय समितीको सहयोगमा आवश्यक लैससास सूचकहरु तथा खण्डीकृत तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ र यी प्रक्रियाहरुलाई सबै तहसम्म लागू गर्न एउटा प्रणालीको स्थापना गरिनुपर्छ ।

ग) सार्वजनिक परीक्षण तथा सुनुवाईलाई संस्थागत गर्नुपर्नेः कार्यक्रम तथा आयोजनाहरुमा पारदर्शीता एवं जवाफदेहिता आवश्यक हुने हुँदा सार्वजनिक परीक्षण तथा सुनुवाई जस्ता क्रियाकलापहरु सञ्चालनमा ल्याउनुपर्नेछ । यी क्रियाकलापहरु मविस र लैससास समन्वय समितीको सक्रिय सहभागितामा सम्पन्न गर्नुपर्दछ । यसका लागि सार्वजनिक परीक्षण तथा सुनुवाई सम्बन्धी एउटा सार्वजनिक अनुगमन निर्देशिका तयार गरिनु पर्छ ।

ध) लैससास परिक्षण वा लेखाजोखाःलैससास समन्वय समितीको नेतृत्व तथा सक्रिय सहभागितामा पालिकाको लैससास परिक्षण वा लेखाजोखा वार्षिक रुपमा गर्ने र कमजोर पक्षहरु र अवसरहरुलाई मनन गरी सुझावहरु दिने र ती सुझावहरुलाई कार्यान्वयन गर्न क्रमवद्धरुपमा योजना बनाई कार्यान्वयन गर्नु जरुरी हुन्छ ।

घ) राम्रा अभ्यास तथा सिकिएका पाठहरु : नगरपालिका भित्रका विकास निर्माणका आयोजनाहरुमा भएका लैससाससँग सम्बन्धित विभिन्न सफल प्रयासहरुलाई राम्रोसँग अभिलेखीकरण गरिनुपर्ने एवं सम्बन्धित सरोकारवाला समूह मार्फत् सबै सरोकारवालाहरु सम्म जानकारी पुऱ्याउनु पर्नेछ । यसका लागि घटना अध्ययन (Case Study) तयार समेत गर्नु पर्नेछ ।

ङ) नगरपालिकाभित्र संञ्चालित आयोजना तथा पुर्वाधार निमार्णका कार्यले आयोजना क्षेत्र भित्रका महिलाहरुको समयको बचत भएको र गरिबी घटेको तथ्याङ्क संकलन गर्नु पर्नेछ ।

च) नगरपालिकाद्धारा गठन गरिएका टोल विकास संस्थामा ३३ प्रतिशत महिला र ४० प्रतिशत समाजिक दृष्टिले पिछडिएका तथा जोखिममा परेका घरधुरि समेटिएको हुनु पर्नेछ ।

छ) आयोजना व्यवस्थापनमा लैङ्गिक समानता तथा समाजिक समावेशिकरण सवेदनशीलताको सुनिश्चता हुनु पर्ने ।

### ७.१ लैससास नीतिको कार्यान्वयन

नगरपालिकामा लैङ्गिकसमानता तथा सामाजिक सुरक्षा उपशाखाको संयोजकतामा लैससास समन्वय समिती मार्फत आवश्यक कर्मचारी र स्रोतको व्यवस्था गरी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ । आवश्यकता अनुसार नगरपालिकाले सेवा करार मार्फत विज्ञको सेवा पनि लिन सकिने छ साथै अरु सरोकारवाला संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरीनेछ । यसको साथै सम्वन्धित शाखा,उपशाखा तथा सम्पर्क विन्दुमार्फत लैससास सवालहरुको सम्वोधन गरिने वा गराइने व्यवस्था मिलाउने छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न विशेषत निम्नानुसारका कार्यहरू समेटिनेछन् :

- लैससाससँग सम्वन्धित नीतिगत व्यवस्थाहरु गर्ने,
- नगरपालिकामा लैससास वा सम्वन्धित सम्पर्क शाखाको सुदृढीकरण गर्ने,
- महिला, दलित, आदिवासी, जनजाति लगायत विशेष समुह समुदायहरुको सशक्तिकरणका लागि समन्वय समितिहरुको गठन गरिने ।,
- नगर कार्यपालिका तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समन्वय समितिको गठन गरी कृयाशिल वनाउने,
- लैससाससँग सम्वन्धित विषयवस्तु तथा सवालहरुमा जनप्रतिनिधी, कर्मचारी, सरोकारवालाहरु तथा नागरिकहरुको क्षमता विकास गर्ने,
- वडा समितीहरुको सहजीकरणमा सबै वस्ती तहमा विभिन्न समूहहरूको प्रतिनिधित्व हुने गरी लैससास मूलप्रवाहीकरण संयन्त्रहरुको व्यवस्था गर्ने,
- विकास प्रक्रियामा कोही नछुटुन् (Leave no one behind) सम्वन्धी मान्यता नगरपालिकाका नीति तथा कार्यक्रममा आत्मसात गरीनेछ ।
- लैङ्गिक तथा सामाजिक हिंसाहरुमा शुन्य सहनशिलतालाई प्रवर्द्धन गरिनेछ ।

लैंङ्गिक तथा सामाजिक समाबेशीकरणका आधारमा खण्डीकृत प्रगती प्रतिवेदन तयारी एवं उक्त प्रतिवेदनमा लैससास सम्बन्धि मुद्धाहरुमा भएको प्रगतिको बिश्लेषाणत्मक विवरण उपलब्ध गराइनेछ ।

- यसका अतिरिक्त नगरपालिका अन्तर्गत गठन हुने सबै समिति, उपसमिति, आयोग आदिमा महिला एवं विभिन्न जात/जातिगत समूह समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी समावेशी बनाउनु पर्नेछ । त्यसैगरी सम्पूर्ण किसिमका तालिम, अवलोकन भ्रमण र छात्रवृति (स्वदेश तथा विदेश दुवै) मा सहभागीहरुको छनौट लैससास मैत्री तथा समावेशी प्रकृतिको हुनुपर्ने छ । बिभिन्न विकास निमार्णका योजनाहरुमा महिलाको गरिबी घटेको, समयको बचत भएको, लाभान्वित महिला, दलित तथा जनजातीको खण्डीकृत तथ्याङ्क संकलन गर्न सबै शाखासंग समन्वय गर्ने र रेकर्ड राख्ने । नगरपालिका क्षेत्रमा लैङ्गिक तथा  समावेशीकरण क्षेत्रमा कार्य गरिरहेका बिभिन्न संघ संस्थासंग समन्वय गर्ने ।

## ७.२ लैससास नीतिको अनुगमन तथा मुल्यांकन

**यो नीतिको कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएको छ ।**

| अनुगमन र मुल्यांकन | समयावधि | जिम्मेवारी |
|---|---|---|
| त्रैमासिक प्रगति समिक्षा | प्रत्येक तीन तीन महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| अनुगमन | नियमित तथा निरन्तर | नगरपालिका, सरोकारवालाहरु र सामाजिक संघ संस्थाहरु सहितको समाबेशी अनुगमन समिति गठन गरी कृयाशिल बनाउने |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा | प्रत्येक बर्षको जेष्ठ मसान्त भित्र | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| लैससाससँग सम्वन्धीत तथ्यांकहरुको अद्यावधिक | प्रत्येक ६ /६ महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा सम्वन्धित शाखाहरु |
| लैससाससँग सम्वन्धित वार्षिक स्थिती पत्र प्रकाशन गर्ने ।<br>नगरपालिका भित्र संञ्चालित आयोजना तथा पुर्वाधार निमार्णका कार्यले आयोजना क्षेत्र भित्रका महिलाहरुमा समय र गरिबी घटेको तथ्याङ्क संकलन गर्ने । | वार्षिक | नगरकार्यपालिका तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति |
| नीतिको कार्यान्वयन र उपलब्धीका सम्वन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | नगरपालिका तथा वडा कार्यालयहरु |

## ८. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु

परम्परागत हानीकारक अभ्यास तथा समाजमा रहेका हिंसा, विभेद लगायतका अभ्यासहरुले लैससासमा शुरुमा सबैको साथ नरहन पनि सक्दछ । समाजमा विभिन्न खालका लैससास विरुद्धका गतिविधी भईरहदा पनि यस्ता सवालमा आवाज दिनका लागि समाज तयार नहुन सक्दछ । समाजमा हिंसा, विभेद भएको अवस्थामा पनि सरोकारवालाहरु चुप रहन सक्दछन् । यस्ता जोखिमहरुको न्युनिकरणका लागि जनप्रतिनिधिहरुको नेतृत्वमा सामुहिक प्रतिवद्धता अभियान संचालन गरिनेछ । नगरपालिकाले विभिन्न सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन गर्नेछ । नगरपालिकाका नीति, योजना र कार्यक्रममा विशेष लक्षित समुहको सर्वोत्तम हित प्राथमिकतामा रहनेछ । विशेष लिंग, समुह, समुदाय माथी हुने कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा नगरपालिकाले शुन्य सहनशिलता अवलम्वन गर्नेछ ।

## ९. नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन

यो नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन नगरपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि नगरपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## १०. लैससास अभियानका लागि सरोकारवालाहरु

लैससास नीतिको कार्यान्वयनका लागि यससँग सम्वन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वडागत मुख्य सरोकारवालाहरुको पहिचान वार्षिक रुपमा गरिने छ । यीनै सरोकारवालाहरु सँगको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइने छ । नीतिको कार्यान्वयनका लागि नगरपालिका र वडा दुवै तहमा लैससास वहुसरोकारवाला भेला, वहुसरोकारवालाको संयन्त्र गठन र कृयाशिलता गराइनेछ ।

## ११. नीतिको प्रचार प्रसार

स्थानिय संचार माध्यमहरुसँग सहकार्यता गरी लैससास नीति र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । नगरपालिकाको वेभसाइट, सोसल मिडिया साइटहरुमा यस लैससास नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । नगरपालिकाका विभिन्न कार्यक्रमहरुमा पनि यो लैससास नीतिको व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । साथै प्रचारप्रसारमा स्थानिय भाषालाई प्राथमिकता दिइनेछ ।

**१२. नीतिको पुनरावलोकन**

यो नीतिको प्रत्येक वर्ष वार्षिक समिक्षा गरी समयक्रम अनुसार गर्नुपर्ने पुनरावलोकन गरिनेछ । वार्षिक समिक्षाबाट प्राप्त सुझावहरुलाई नगरकार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी नगर सभा मार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

**१३. मुल्य मान्यताहरु**

लैससासको प्रवद्धर्धनका लागि यस नगरपालिकाको निम्न मुल्य मान्यताहरु रहेका छन् । यिनै मुल्य मान्यताको प्रवर्धन मार्फत यो लैससास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्‍याइनेछ ।

क. नगरपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको लैससास अभियानमा बढी भन्दा बढी प्रयोग गर्ने,

ख. नगरपालिकामा सबै खालका दुर्व्यवहार, विभेद, शोषण, सामाजिक हानीकारक व्यवहार, हिंसामा शुन्य सहनशिलता अपनाउने,

ग. विशेष लक्षित समुहको सर्वोत्तम हित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

घ. लैसासासका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने

ङ. लैससासलाई नीति, संरचना र अभ्यासमा मुलप्रवाहीकरण गर्ने ।

**आज्ञाले**
**पुस्कर प्रसाद भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**